# खनियाबास गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ
बागमती प्रदेश,नेपाल

प.सं.०७७/७८
च.नं.

मितिः२०७७/०७/२५

**विषय विज्ञ सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना**

खनियाबास गाउँपालिकाको विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि- २०७६ को नियम ५६(७) अनुसार आधारभूत तथा माध्यमिक तहमा रिक्त भई करारमा पदपूर्ति गर्नुपर्ने विभिन्न विषयका शिक्षक पदहरुका लागि विषयविज्ञहरु सूचीकृत गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपशिल बमोजिम योग्यता र अनुभव प्राप्त भएका इच्छुक शिक्षकहरुबाट हासिल गरेका योग्यता र अनुभव सम्बन्धी सबै कागजपत्रहरु संलग्न गरी रीतपूर्वक तह र विषय खुलाई निवेदन दिनुहुन सूचित गरिएको छ । रीतपूर्वक निवेदन नआएका वा निर्धारित समयभन्दा ढिलो प्राप्त भएका निवेदनहरु उपर कुनै कारवाही गरिने छैन ।

**तपसील**

१. आधारभूत तहको लागि शिक्षा शास्त्र संकायमा स्नातक र माध्यमिक तहको लागि सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।
२. स्थायी सेवा अवधि कम्तीमा ५ वर्ष र अस्थायी करारको हकमा १० वर्षको शिक्षण अनुभव भएको ।
३. प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको ।
४. कुनै पनि राजनितिक दलको सदस्य नभएको ।
५. निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत रुपमा विज्ञसूची प्रकाशन हुने भएकोले तह र विषय स्पष्ट खुलेको ।
६. निवेदन दस्तुर प्रत्येक तह (प्राथमिक, निम्न माध्यमिक र माध्यमिक) को लागि रु. १,०००। (एक हजार रुपैयाँ मात्र) बुझाएको रसिद संलग्न भएको हुनुपर्ने ।
७. जुन तह र विषयको लागि विज्ञ सूचीकृत हुने हो सोही तह र विषयको लागि शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमबारे जानकार रहेको हुनुपर्ने ।
८. अन्य जानकारीका लागि खनियाबास गाउँपालिका शिक्षा तथा खेलकूद शाखामा सम्पर्क राख्नुहुन (सम्पर्क नं. ९८५१११०२००, ९८४५१०९२००)

बालकृष्ण नेपाली
प्रमुख प्रशासकीय अधिकृत

१८